सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

## म.प. बैठक संख्या २५६/०८३ को बैठकको निर्णय

**संवत् २०८३ साल भाद्र २७ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को २५६औं बैठकको निर्णय निम्नानुसार रहेको छ —**

**१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-**

- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/५/२५ को निर्णयानुसार यस प्रदेशको प्रमुख सचिवको पदबाट महालेखा नियन्त्रक कार्यालयको महालेखा नियन्त्रक पदमा सरुवा भई जान लाग्नुभएका प्रमुख सचिव श्री बैकुण्ठ प्रसाद अर्यालले यस प्रदेशको प्रमुख सचिवको रुपमा रही गर्नुभएको योगदानको उच्च मूल्यांकन गर्दै आगामी कार्यकालको सफलताको कामना सहित प्रदेश मन्त्रिपरिषद्को तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्ने ।

**२. आर्थिक मामिला मन्त्रालय-**

- सुदूरपश्चिम प्रदेश सरकारको तर्फबाट प्रदेश सभामा पेश भएका आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम र संलग्न विधेयकहरू पुनरावलोकन सहित परिमार्जन गर्ने अधिकार आर्थिक मामिला मन्त्रालयलाई प्रदान गर्ने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश